मिति : २०७७।०३।०३

श्रीमाान प्रमुख प्रशासकीय अधिकृत ज्यू

मध्यपुर थिमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, थिमि,भक्तपुर

बिषय : प्रतिवेदन पेश गरेको बारे ।

महोदय,

उपरोक्त सम्वन्धमा इम्प्याक्ट प्रडक्सन नेपाल प्रा.लि. काठमाण्डौले यस नगरपालिका वडा नं. ८ र ९ बोडे क्षेत्रमा गाईजात्राको समयमा मनाईने ऐतिहासिक निलबाराही नाचलाई समेटेर बनाई रकम निकाशाका लागि न.पा.मा पेश गरेको बृत्तचित्र (डकुमेन्ट्री) को कार्य सम्पन्न र गुणस्तर प्रतिवेदन पेश गर्न न.पा.को मिति २०७७।३।२ गतेको निर्णयानुसार गठित कार्यदलका हामी तपसिलका पदाधिकारीहरुले उक्त बृत्तचित्र (डकुमेन्ट्री) हेर्दा देहाय बमोजिमको रहेको प्रतिवेदन श्रीमान समक्ष पेश गर्दछौ ।

## निलबाराही गणनाचको बृत्तचित्र (भिडियो डकुमेन्ट्री) सम्वन्धी प्रतिवेदन

१. मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र मनाईने विभिन्न जात्रा पर्वहरु मध्ये गाईजात्राको समयमा वडा नं. ८ र ९ बोडे क्षेत्रमा सञ्चालन हुने निलबाराही गणनाच एक ऐतिहासिक एवँ साँस्कृतिक नाच भएको हुंदा यस नाचको विस्तृत विवरण सहितको भिडियो डकुमेन्ट्री बनाई आन्तरिक तथा बाह्य पर्यटकहरुमा प्रचार प्रशार र प्रवर्द्धन गर्न तथा युवा पुस्तालाई उक्त नाचको बारेमा जानकारी गराई नाच प्रति युवा पुस्ताको सक्रिय सहभागीता अभिवृद्धि गर्न न.पा.को मिति २०७६।१०।१३ गतेको निर्णयानुसार नगरपालिका र इम्प्याक्ट प्रडक्सन बीच मिति २०७६।१०।२१ गते दुई पक्षिय सम्झौता गरी डकुमेन्ट्री बनाईएको छ ।

२. यस डकुमेन्ट्रीमा निलबाराही गणनाचको ऐतिहासिक पृष्ठभुमि झल्किने गरी नाचसंग प्रत्यक्ष सरोकार रहने विभिन्न संस्कृति कर्मी तथा कलाकाहरुसंग सो नाचका बारेमा अन्तर्वार्ता विधिवाट विषय बस्तु उत्थान गरिएको छ । यसमा प्रमोसन भिडियो १० (दश) मिनेटको र नाचको सम्पुर्ण अभिलेख सहितको भिडियो ६० (साठी) मिनेटको गरी दुई किसिमको बनाईएको छ ।

३. डकुमेन्ट्री बनाउँदा प्रयोग गरिएको विषय बस्तु, भाषा र दृश्य निलबाराही नाचसंग नै सम्वन्धित रहेको र गुणस्तरीय प्रविधि अपनाईएको छ । यो डकुमेन्ट्री ऐतिहासिक निलबाराही नाचको संरक्षण,

प्रवर्द्धन, प्रचार प्रशार गर्न तथा नयाँ पुस्तालाई नाचका बारेमा जानकारी दिन उपयोगी हुने देखिन्छ । साथै यो भिडियो डकुमेन्ट्रीलाई न.पा.को वेवसाईट, सुचना केन्द्र वा ई-लाईव्रेरीमा समेत प्रयोग गर्न सकिने देखिन्छ ।

४. यो डकुमेन्ट्रीमा निलबाराही नाचको ऐतिहासिक एवँ साँस्कृतिक पक्ष र महत्वको बारेमा केन्द्रित रहि स्थानीय स्तरका सरोकारवालाहरुसंग प्रत्यक्ष भेटघाट, छलफल तथा स्थलगत अवलोकन गरी तयार गरिएको हुंदा यसलाई नगरपालिकाले सुरक्षित साथ राखी नगरपालिको अमुर्त सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यमा प्रयोग गर्न उपयुक्त हुने देखिन्छ ।

५. यो डकुमेन्ट्रीमा देहाय बमोजिमको सुधार गरिएमा प्रभावकारी हुने देखिन्छ ।

- प्रमोसन भिडियोमा केहि व्यक्तिहरुले सेल्फी फोटो खिच्दै गर्दाको दृश्यलाई हटाउनु पर्ने देखिन्छ
- स्थानीय व्यक्तिहरुले व्यक्त गरेका भावनाहरुको साउण्ड सानो र बाजागाजाको साउण्ड धेरै ठुलो भएकोले एकरुपता हुने गरी बनाउनु पर्ने ।
- डकुमेन्ट्रीको नाउँ नेवारी र अंग्रेजी भाषामा मात्र उल्लेखित भएको हुंदा यसलाई नेपाली भाषामा पनि राख्दा अझ प्रभावकारी हुने देखिन्छ ।
- बोडेको अंग्रेजीमा नगरपालिकामा लेख्दा र वा प्रचलनमा Bode लेख्ने गरिएको तर यो डकुमेन्ट्रीमा Bodey उल्लेख भएको छ ।
- स्थानीय व्यक्तिहरुले नाचका बारेमा व्यक्त गरेका सवै भावनाहरुलाई क्याप्सनमा/सवटाईटलमा अंग्रेजी भाषामा पनि देखाउनु पर्ने ।
- भिडियोमा एउटा भाग (Part) पछि अर्को भाग (Part) शुरु हुँदाको ग्याप लाई हटाउनु पर्ने ।
- भिडियोको भाग (Part) ४ मा निलबाराही गण नाचको सिंह बन्ने कलाकारले मोवाईल चलाईरहेको दृश्यलाई हटाउनु पर्ने ।
- यो डकुमेन्ट्री निलबाराही गणनाचको भएको हुंदा भाग ५ मा देखाईएको जिब्रो छेडने जात्रा र भैरव नाचको दृश्य हटाउनु पर्ने ।

<u>प्रतिवेदन पेश गर्ने :</u>

संयोजक तुलसी भक्त तको (सामुदायिक विकास अधिकृत)

सदस्य प्रभात श्रेष्ठ (सुचना प्रविधि अधिकृत)

सदस्य निरज चक्रधर, स.स्तर पाँचौ (आन्तरिक नियन्त्रण तथा जिन्सी शाखा)